माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
Mathagadhi Rural Municipality
Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email: mathagadhimun@gmail.com
info@mathagadhimun.gov.np
Website: www.mathagadhi.gov.np

चलानी नं. : —
पत्र संख्या : २०८३/०८४

माथागढी गाउँ कार्यपालिकाको झडेवा, पाल्पा, लुम्बिनी प्रदेश, २०७३

सूचना नं. ४३.

पशुपंक्षी सेवा कार्यक्रमको प्रस्ताव आह्वान सम्बन्धी सूचना !

सूचना प्रकाशन मिति : २०८३।०८।०७

प्रस्तुत विषयमा यस माथागढी गाउँपालिकाको आ.व.२०८३।०८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिलका कार्यक्रम रहेकोले "कृषि/पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम संचालन कार्यविधि २०८३" अनुसार माथागढी गाउँपालिका भित्रका इच्छुक पशुपालन कृषक समुह/सहकारी, निजी फार्म र व्यवसायिक कृषकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस पशुपंक्षी सेवा शाखा वा सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजात सहित आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेको वा म्याद नाघि आएका प्रस्तावहरु कार्यक्रमा समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल :

क.सं.	कार्यक्रम	मापदण्ड	क्रियाकलाप	अनुदान सीमा
१	मासु पसल सुधार- १ लाख	• निर्माण गरिने मासु पसल आफ्नो स्वामित्व हुनुपर्ने वा लिजमा लिएको भए कम्तिमा १० वर्षको सम्झौता हुनुपर्ने । • सहभागी हुने आवेदकले मासिक ठूलो पशुको हकमा कम्तिमा १००० किलो, साना पशु तथा पन्छीको हकमा कम्तीमा ३०० किलो मासु बिक्री वितरण गरिरहेको हुनुपर्ने, • स्थानीय निकाय र प्यानमा दर्ता भएको हुनुपर्ने	• मासु काट्ने र प्रशोधन गर्ने यन्त्र उपकरणहरु खरिद, • पसलको बिक्री कक्षको टायल मार्वल लगाउने कार्य,सिसा जालि सहितको विक्रि कक्ष निर्माण वाखरिद,	• ५० प्रतिशत अनुदान • प्रति योजना रु. १ लाख
२	पशुपंक्षी फार्म विस्तार कार्यक्रम-२ लाख	• उपयुक्त व्यवसायिक कृषक छनौट गरी कार्यक्रम सञ्चालन गर्ने र छनौट भइसकेका फार्महरुले स्थानीय निकायमा अनिवार्य नविकदर्ता गराउनुपर्ने । • कम्तिमा बाख्रा संख्या- १५- २० वटा • कम्तिमा बंगुर संख्या- ५ वटा • कम्तिमा गाई/ भैंसीको संख्या- ५ वटा • फार्म विस्तारको लागि जग्गा आफ्नो स्वामित्व हुनुपर्ने वा लिजमा लिएको भए कम्तिमा १० वर्षको सम्झौता हुनुपर्ने ।	• खोर निर्माणको लागि आवश्यक पर्ने सम्पुर्ण सामग्रीहरु खरिद गर्ने • फार्मका लागि आवश्यक पर्ने औजार उपकरण खरिद गर्ने • नश्ल सुधारका लागि उन्नत पशु खरिद	• खोर निर्माण तथा औजार उपकरणमा प्रतिशत ५० अनुदान • नश्ल सुधारमा प्रतिशत ७५ अनुदान • प्रति योजना रु. १ लाख

माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
Mathagadhi Rural Municipality
Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email: mathagadhimun@gmail.com
info@mathagadhimun.gov.np
Website: www.mathagadhi.gov.np

चलानी नं. :
पत्र संख्या :

३	खोर सुधार कार्यक्रम- बजेट रु. ८ लाख	• बाख्रा संख्या कम्तिमा १० वटा हुनुपर्ने • बंगुर संख्या कम्तिमा २ वटा हुनुपर्ने • दर्ता भएका फार्महरुलाई प्राथमिकता दिइनेछ ।	• खोर सुधारका लागि आवश्यक पर्ने सामग्री खरिद गर्न सकिने • प्राविधिक ईस्टिमेटको आधारमा निर्माण गर्नुपर्ने । • प्राविधिक मूल्याङ्कनको आधारमा भूक्तानी दिईनेछ ।	• ७५ प्रतिशत अनुदान • प्रति योजना रु. ४० हजार
४	भकारो सुधार कार्यक्रम- बजेट रु. ३ लाख	• कम्तिमा २ वटा गाईभैंसी हुनुपर्नेछ । • प्राङ्गारिक खेति गरेको हुनुपर्नेछ ।	• गोठको थरी तथा ढोड सुधार र मल मुत्र व्यवस्थापन प्राविधिक ईस्टिमेट र मुल्याङ्कन अनुसार गर्नुपर्नेछ ।	• ७५ प्रतिशत अनुदान • प्रति योजना रु. ३० हजार
५	प्राकृतिक नश्ल सुधार कार्यक्रम- २ लाख	• फार्मको हकमा बाख्रा संख्या कम्तिमा १० वटा, बंगुर कम्तिमा ३ वटा, भैंसी कम्तिमा ३ वटा, • समुहको हकमा प्रति कृषक बाख्रा ५ वटा, बंगुर २ वटा र भैंसी २ वटा	• उन्नत जाको नश्ल खरिद गर्दा दर्तावाला फार्म वा जातिय गुण भएको हुनुपर्नेछ ।	• ७५ प्रतिशत अनुदान • प्रति योजना रु. २५ हजार

आवश्यक कागजातहरु संलग्न गर्नुपर्नेछ ।

१. अनुसूची-२ बमोजिम व्यक्तिगत निवेदन ।
२. अनुसूची-४ बमोजिम कार्ययोजनाको ढाँचा ।
३. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
५. समुह/सहकारीको हकमा प्रमाणपत्रको र निर्णय माईनुटको प्रतिलिपि ।
६. अनुसूची-७ बमोजिम दोहोरो अनुदान नलिएको स्व-घोषणा ।

पुनश्च : थप जानकारीको लागि पशुपंक्षी सेवा शाखा, ९८६७२४३४६७, ९८४४३७२६८९ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत